# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
### मधेश प्रदेश, नेपाल

**औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी बोलपत्र (E-Bidding) आब्हान ।**

(प्रथम पटक प्रकासित मिति : २०८१/०४/३२)

यस नगरपालिकाबाट आ.ब. २०८१/०८२ का लागी स्वीकृत बार्षिक कार्यक्रम बमोजिम विभिन्न औषधी तथा सर्जिकल सामानहरु खरिद गर्नु पर्ने भएकोले उल्लेखित सामान आपूर्ति गर्न ईच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, कारवाही वा कालोसूचीमा नपरेको स्वःघोषणा र अख्तियारनामा सहित रीतपूर्वक विद्युतिय बोलपत्र **(E-Bidding)** आब्हान गरिएको छ। बोलपत्र फारम तथा अन्य जानकारीका लागि **https://www.bolpatra.gov.np/egp/** वा यस कार्यालयको वेबसाइट **https://www.lalbandimun.gov.np/** मा हेर्न सकिनेछ।

तपसिलः

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान(भ्याट सहित) रु. | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| NCB/Goods/01-2081/082 | औषधी तथा सर्जिकल सामान खरिद | रु.६१,८३,०००/- | रु.१,८६,०००/- | रु.३०००/- |

सर्तहरुः

१. बोलपत्र फारम दस्तुर यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२** मा रु.३०००/-(तीन हजार मात्र) जम्मा गरी सो को भौचर **Scan** कपी विद्युतिय बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ।

२. बोलपत्र फारम साथ धरौटी बापतको रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०१००३०३००००२** मा जम्मा गरेको अर्धकट्टीको सक्कल भौचर वा राष्ट्र बैंकबाट मान्यताप्रास बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ९० (नब्बे) दिनको म्याद भएको रितपूर्वकको बोलपत्र जमानत(बिड बण्ड) **Scan** कपी बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ।

३. बोलपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म अनिवार्य Online प्रणालीमा पेश गरी सक्नु पर्नेछ। सोही दिनको ०२:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ। बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. औषधी तथा सर्जिकल सामान खरिद गर्दा DDA/WHO-GMP Certified Company बाट उत्पादित औषधीहरु मात्र खरिद गरिने छ। बोलपत्र पेश गर्दा कुन कम्पनीको औषधी तथा औषधीजन्य सामाग्रीहरु आपूर्ति गरिने हो, कम्पनीको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ। आपूर्ति हुने औषधीहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, Batch No. तथा Health institutional supply, not for sell नेपाल सरकारद्वारा निःशुल्क वितरण (यो औषधी बिक्रीका लागि होइन) भनी लेखिएको हुनुपर्नेछ। कार्यालयमा औषधी दाखिला हुने मितिबाट कम्तिमा १८ महिनाको Expiry Date हुनु पर्नेछ।

५. स्वीकृत बोलपत्रदाताले खरिद आदेश पाएको २१औं दिनभित्र यस नगरपालिकामा खरिद आदेश अनुसारको सामाग्रीहरु दाखिला गर्नु पर्नेछ। बोलपत्र स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समयावधीमा सम्झौता गर्न नआएमा उक्त बोलपत्र रद्द गरी निजले राखेको धरौटी जफत गरी नजिकको दोश्रो बोलपत्र स्वीकृत गरी सम्झौता गरिनेछ।

६. सम्पूर्ण बोलपत्रदाताहरुले आफुले पेश गरेको बोलपत्र बमोजिमको औषधीहरुको नमुना बोलपत्र खुल्ने दिन वा सोको ७(सात) दिन भित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

७. बोलपत्रमा पेश गरेको मूल्य चालु आ.व. का लागि भएकोले २०८२ आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य बृद्धि दिइने छैन। कार्यालयसम्म सामान आपूर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरु बोलपत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ ।

८. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ। साथै बोलपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी वा फोन नं. ०४६५०११०० मा सम्पर्क गरी बुझ्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत